# लोक सेवा आयोग

## नेपाल न्याय सेवा अन्तर्गत न्याय, कानून र सरकारी वकील समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/१२

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: तृतीय

विषय: समसामयिक कानून तथा अभ्यास (Contemporary Law and Practices)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

**Section – A** — **25 Marks**

1. घरेलु हिंसा भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा घरेलु हिंसा न्यूनीकरणका लागि भएका कानूनी व्यवस्थाहरू संक्षेपमा उल्लेख गर्नुहोस् । 2.5+2.5=5

   What do you mean by domestic violence? State the legal provisions for the mitigation of domestic violence in Nepal.

2. संविधानवाद सम्बन्धी अवधारणाको बारेमा व्याख्या गर्नुहोस् । संविधानवादको प्रवर्द्धनमा नेपालको सर्वोच्च अदालतको भूमिकाको बारेमा उदाहरण सहित सविस्तार उल्लेख गर्नुहोस् । 5+5=10

   Explain about the concept of constitutionalism. State in detail with examples the role of the supreme court of Nepal in promoting constitutionalism.

3. वातावरणीय न्याय भन्नाले के बुझ्नुहुन्छ ? यस सम्बन्धमा संवैधानिक, कानूनी प्रावधान तथा नेपालको सर्वोच्च अदालतले प्रतिपादन गरेको न्यायिक सिद्धान्तको व्याख्याको छोटकरीमा चर्चा गर्नुहोस् । 2+8=10

   What do you mean by environmental justice? Discuss briefly constitutional, legal provisions and judicial principles laid down by the supreme court of Nepal.

**Section – B** — **25 Marks**

4. बौद्धिक सम्पत्तिको अधिकार भन्नाले के बुझ्नुहुन्छ ? नेपाल कानूनमा यससम्बन्धी के-कस्तो व्यवस्था छ ? उल्लेख गर्नुहोस् । 2+3=5

   What do you mean by Intellectual Property Rights? State what provisions are made in Nepal laws.

5. विधेयक भनेको के हो र संसदीय अभ्यासमा विधेयकलाई किन वर्गीकरण गरिन्छ ? नेपालको संसदीय अभ्यास बमोजिम विधेयकको दोस्रो वाचन कुन विन्दुबाट प्रारम्भ भई कुन विन्दुमा अन्त्य हुन्छ ? स्पष्ट गर्नुहोस् । 2+3+5=10

   What is a Bill and why Bills are classified in the parliamentary practice? At what point Second Reading of a Bill commences and at what point it ends under the parliamentary process of Nepal? Clarify.

6. प्रत्यायोजित विधायन भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा प्रत्यायोजित विधायन तर्जुमाको अवस्थाको चित्रण गर्नुहोस् र प्रत्यायोजित विधायन अनियन्त्रितरूपमा निर्माण हुनुका कारणहरू पहिचान गरी त्यसको नियन्त्रणका उपायहरू समेत उल्लेख गर्नुहोस् । 2+4+4=10

   What do you mean by the term delegated legislation? Describe the drafting method of delegated legislation in Nepal and identify the reasons of uncontrolled number of delegated legislations and state the measures to control it.

## Section – C

**25 Marks**

7. कानूनी राय भन्नाले के बुझ्नुहुन्छ ? निर्णय प्रक्रियामा यसको प्रभाव कस्तो हुन्छ ? कानूनी रायको सन्दर्भमा महान्यायाधिवक्ताको संवैधानिक भूमिका सम्बन्धमा चर्चा गर्नुहोस् । 1+1+3=5

   What do you mean by the legal opinion? What is its impact in decision making process? Discuss the constitutional role of the Attorney General in regard to the legal opinion.

8. सरकारी वकीलको व्यवसायिक आचरण अन्तर्गत के-कस्ता आचरणहरूको पालना गर्नुपर्ने व्यवस्था रहेको छ ? यसमा के-कस्तो सुधारको अपेक्षा देख्नुहुन्छ ? प्रस्तुत गर्नुहोस् । 5+5=10

   What are the professional conduct to be complied with under the professional code of conduct of the Government Attornies? What are the matters to be improved in regard to the said code of conduct? Mention.

9. थुनछेक आदेश भनेको के हो ? थुनछेकसम्बन्धी कानूनी व्यवस्थाहरू उल्लेख गर्दै थुनछेक आदेश गर्दा ध्यान दिनुपर्ने कुराहरू समेत स्पष्ट गर्नुहोस् । 2+4+4=10

   What is a Detention Order? State the prevailing legal provisions relating to detention and also clarify the points to be considered while issuing a detention order.

## Section – D

**25 Marks**

10. हकदैया र हदम्यादमा के फरक छ ? संक्षेपमा उल्लेख गर्नुहोस् । 5

    What are the differences between locus standing and law of limitation? State in brief.

11. ~~अन्तरिम र अन्तरकालिन आदेश भन्नाले के बुझ्नुहुन्छ ? कस्तो-कस्तो अवस्थामा ती आदेशहरू जारी हुन्छन् उदाहरण सहित विवेचना~~ गर्नुहोस् । 4+6=10

    What do you mean by interim and interlocutory order? Explain with examples in which conditions such orders are issued?

12. अदालतको अधिकारक्षेत्र भन्नाले के बुझ्नुहुन्छ ? प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई फौजदारी विषयमा के-कस्तो अधिकारक्षेत्र प्रदान गरेको छ ? उल्लेख गर्नुहोस् । 2+8=10

    What do you mean by the jurisdiction of a court? State the jurisdiction of a District court in regard to the criminal matters under the prevailing law.

«««समाप्त»»»